मिति : २०८२/०१/२२

श्रीमान अध्यक्षज्यू,

नेपाल धितोपत्र बोर्ड,

खुमलटार, ललितपुर ।

**विषयः धितोपत्र व्यवसायी नियमावलीमा संशोधन प्रस्ताव पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी), नियमावली, २०६४ को प्रस्तावित संशोधनमा यस स्टक ब्रोकर्स एशोसिएसनको तर्फबाट निम्नानुसारको संसोधन प्रस्ताव रहेकोले संसोधनको प्रारुप तहाँ समक्ष पेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

| **हाल कायम व्यवस्था** | **संशोधित व्यवस्था** | **संशोधन गर्नुपर्नाको कारण** |
|---|---|---|
| **नियम ७ को १.** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम स्थापना भएको क बर्गका बैंक वा विशेष ऐन द्वारा स्थापित वित्तीय संस्थाको कम्तिमा ५१ प्रतिशत स्वामित्व भएको सहायक कम्पनीले बोर्डबाट अनुमतिपत्र प्राप्त गरी धितोपत्र दलाल वा धितोपत्र व्यापारीको कार्य गर्न सक्नेछ । तर, त्यस्तो कम्पनीले आफ्नो मुख्य कम्पनी वा मुख्य कम्पनीका अन्य सहायक कम्पनीको धितोपत्र खरिद वा बिक्री गर्न पाउने छैन । | **नियम ७ को १.** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम स्थापना भएको क बर्गका बैंक वा विशेष ऐन द्वारा स्थापित वित्तीय संस्थाको कम्तिमा ५१ प्रतिशत स्वामित्व भएको सहायक कम्पनीले बोर्डबाट अनुमतिपत्र प्राप्त गरी धितोपत्र दलाल वा धितोपत्र व्यापारीको कार्य गर्न सक्नेछ । तर, त्यस्तो कम्पनीले आफ्नो मुख्य कम्पनी वा मुख्य कम्पनीका अन्य सहायक कम्पनीको धितोपत्र स्वामित्व ग्रहण गर्न पाउने छैन । | यस प्रावधानले क बर्गका बैंकको सहायक कम्पनीले गर्ने धितोपत्र कारोबारमा दुविधा उत्पन्न भएको । |
| **नियम १० को (१)** धितोपत्र दलाल र धितोपत्र व्यापारीले अनुसूची-९ बमोजिमको | **नियम १० को (१)** धितोपत्र दलाल र धितोपत्र व्यापारीले अनुसूची-९ बमोजिमको न्यूनतम | उक्त नियम प्रारम्भ हुँदाका बखतमा चालु धितोपत्र दलालहरुको पूँजी न्यूनतम |

| | | |
|---|---|---|
| न्यूनतम चुक्ता पूँजी राख्नुपर्नेछ । तर यो नियम प्रारम्भ हुँदाका वखत संचालनमा रहेका धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले सम्वत २०८२ साल असार मसान्तभित्र अनुसूचि-९ बमोजिमको न्यूनतम चुक्ता पूँजी पुऱ्याउन बाधा पर्ने छैन । | चुक्ता पूँजी राख्नुपर्नेछ । तर यो नियम प्रारम्भ हुँदाका वखत संचालनमा रहेका धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले सम्वत २०८४ साल असार मसान्तभित्र अनुसूचि-९ बमोजिमको न्यूनतम चुक्ता पूँजी पुऱ्याउन बाधा पर्ने छैन । | पूँजी रु.२ करोडको व्यवस्था रहेकोमा दश गुणाले बृद्धि गर्ने व्यवस्था गरिएको र समयसीमा एकदम थोरै रहेकोले र २०८२ असार भित्र पूँजी वृद्धि असम्भव प्रायः रहेको हुँदा । |
| **नियम १८ को ख.**<br><br>सूचिकृत संगठित संस्थामा संचालक, कर्मचारी वा लेखा परीक्षक रहेको । | **नियम १८ को ख.**<br><br>सूचिकृत संगठित संस्थामा संचालक वा लेखा परीक्षक रहेको | क बर्गका बैंकको लगानी रहेको धितोपत्र दलाल/व्यापारी संस्थामा बैंक संग सम्बन्धित कर्मचारीलाई नियुक्त गर्न नपाईएको । |
| **नियम २७ को (१)**<br>धितोपत्र दलालले बोर्डबाट अनुमति लिई देहाय बमोजिमको कार्य गर्न सक्नेछ ।<br>(क) सीमित कार्य गर्ने धितोपत्र दलाल सेवा,<br>(ख) पूर्ण कार्य गर्ने धितोपत्र दलाल सेवा,<br>(ग) खण्ड (क) बमोजिमको कार्य गर्ने धितोपत्र दलालले सम्बन्धित ग्राहकको नामबाट मात्र ग्राहकको आदेश अनुसार धितोपत्र खरिद वा विक्री गर्न र धितोपत्रको कन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम १२ बमोजिम सदस्य सम्बन्धी कार्य गर्न,<br>(घ) खण्ड (ख) बमोजिमको कार्य गर्ने धितोपत्र दलाल व्यवसायीले खण्ड (ग) बमोजिमको कार्यका अतिरिक्त मार्जिन कारोबार सम्बन्धी कार्य गर्न ।<br>(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको कार्य गर्ने धितोपत्र दलालले सो खण्ड बमोजिमको कार्यका अतिरिक्त धितोपत्र व्यासायी | **नियम २७ को (१)**<br>धितोपत्र दलालले बोर्डबाट अनुमति लिई देहाय बमोजिमको कार्य गर्न सक्नेछन ।<br>(क) सीमित कार्य गर्ने धितोपत्र दलाल सेवा अन्तर्गतः<br>(१) ग्राहकको आदेश अनुसार धितोपत्र खरिद बिक्री गर्ने सेवा<br>(२) केन्द्रिय निक्षेप सेवा अनुमति<br>(३) राफसाफ सदस्यता अनुमति<br>(४) प्रोप्राइटरी कारोबार अनुमति<br>(५) मार्जिन कारोबार सम्बन्धी कार्य गर्न अनुमति<br>(६) लगानी व्यवस्थापन सेवा<br>(ख) पूर्ण कार्य गर्ने धितोपत्र दलाल सेवा अन्तर्गतः<br>(१) सीमित कार्य गर्ने धितोपत्र दलाल सेवा अन्तरगतका सबै कार्यहरु सहित,<br>(२) लगानी एडभाइजरी सेवा<br>(३) ´बोर्डले तोके बमोजिम योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्ने<br>(४) धितोपत्र दलाल सेवा सञ्चालन गरेको १ आर्थिक वर्ष पुरा भएपश्चात धितोपत्र दलाल कम्पनीको प्राथमिक | हालको व्यवस्थामा तोकिएको पूँजी अनुसार कार्यक्षेत्र थोरै भएको तथा धितोपत्रको खरिदबिक्रीबाट प्राप्त कमिसन आम्दानीबाट मात्रै व्यवसाय सञ्चालन कठिन देखिएको हुँदा थप कार्यक्षेत्र विस्तार गर्नुपर्ने आवश्यकता देखिएको हुँदा यो संशोधन प्रस्ताव पेश गरिएको । |

| | | |
|---|---|---|
| (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ५ बमोजिम अनुमति लिई लगानी परामर्श सेवा सम्बन्धी कार्य र लगानी व्यवस्थापन सम्बन्धी कार्य गर्न सक्नेछ । (३) धितोपत्र व्यापारीले देहायको कार्य गर्न सक्नेछ : (क) आफनो नाममा धितोपत्र खरिद वा बिक्री गर्ने, (ख) .......... धितोपत्र दलालको कार्य गर्ने, (ग) बोर्डले तोके बमोजिम योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्ने, (घ) ........... धितोपत्र प्रत्याभूतिकर्ताको कार्य गर्ने, | शेयर निष्काशनका लागि अनुमति प्रदान गरिने<br>(ग) धितोपत्र व्यापारी सेवा अन्तर्गतः<br>(१) पूर्ण कार्य गर्ने धितोपत्र दलाल सेवा अन्तरगतका कार्यहरु सहित,<br>(२) म्युचुअल फण्ड म्यानेजर सम्बन्धी कार्य गर्ने<br>(३) धितोपत्र निष्काशनमा प्रत्याभूतिकर्ताको कार्य गर्ने<br>(४) धितोपत्र बजारको अनुमति लिई तोकिएको कम्पनीमा दुई तर्फि खरिद बिक्री गर्न आदेश दिन पाउने गरी बजार निर्माताको कार्य गर्ने | |
| **नियम २७ (६) :**<br>यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र दलालले आफ्नो शेयरधनी, कार्यकारी प्रमुख, कर्मचारी र निजहरुको एकाघर परिवारको सदस्यका लागि धितोपत्रको दलाली सेवा उपलव्ध गराउन सक्ने छैन ।<br><br>**नियम २७ (७):** व्यवस्था नभएको । | **नियम २७ (६) :**<br>धितोपत्र दलालले आफ्नो शेयरधनी, कार्यकारी प्रमुख, कर्मचारी र निजहरुको एकाघर परिवारको सदस्यका लागि धितोपत्रको दलाली सेवा उपलव्ध गराउन सक्नेछ ।<br><br>**नियम २७ (७):**<br>नियम २७ (६) बमोजिम धितोपत्र दलालले आफ्नो शेयरधनी, कार्यकारी प्रमुख, कर्मचारी र निजहरुको एकाघर परिवारको सदस्यका नामबाट खरिद वा बिक्री गरिएको धितोपत्रको विवरण प्रत्येक त्रैमासिक अवधि समाप्त भएको सात कार्य दिन भित्र बोर्डलाई जानकारी दिनु पर्नेछ । | धितोपत्र दलालको शेयरधनी, कार्यकारी प्रमुख, कर्मचारी र निजहरुको एकाघर परिवारको सदस्यले गर्ने धितोपत्र कारोबारलाई एकद्धार प्रणाली मार्फत नियमित अनुगमन तथा रिपोर्टिङ्ग गर्नका लागि । |

सागर ढकाल

अध्यक्ष